# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
१ न. प्रदेश, नेपाल

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

## चौथो पटक प्रकाशित सुचना मिति : २०७५/०५/११

यस दुहवी नगरपालिका अर्न्तगत तपसिल बमोजिम आ.व. २०७५/०७६ को लागि शिलबन्दी बोलपत्रद्वारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक योग्य व्यक्ती, संस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहवी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै सोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न हुन चौथो पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपशिल

| सि.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक वार्षिक रु |
|---|---|---|
| रा.आ.ठे.नं. २ | साप्ताहिक मंगलबारे खसि सुगुरकाटी मासुविक्री पसल हाट कर दुहवी ५र ६ | १०,००,०००। |
| रा.आ.ठे.नं. ६ | भलुवा फर्साही हाटकर दुहवी ७ | ४०,०००। |
| रा.आ.ठे.नं. ९ | बिहिबारे शाप्ताहिक हाट कर दुहवी ८ | २,२५,०००। |
| रा.आ.ठे.नं. ११ | पोखरी ठेक्का दुहवी न.पा. ९ | ९,९००। |
| रा.आ.ठे.नं. १२ | पटके सवारी कर दुहवी न.पा.८,कदम गाछी चोक देखि पुर्व जाने बाटो | १,१०,०००। |
| रा.आ.ठे.नं. १३ | बुधबारे,आईतबारे नहरचौकमा लाग्ने सनिबारे मंगलबारे हाटकर दुहवी न.पा.१० | २,४८,०००। |
| रा.आ.ठे.नं. १५ | मधुधामी माछा पोखरी अन्दाजी ०-३-० जग्गाको पोखरी, दुहवी न.पा. १२ | १०,०००। |
| रा.आ.ठे.नं. २१ | भैसि डिल हाटकर दुहवी न.पा. ६ | ३,३४,०००। |

शर्तहरु :-

१ शिलबन्दी बोलपत्र साथ रु.१० को टिकट टाँसी आफुले कबोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% र गैर नेपाली नागरीक भए १०% धरौटी बापत रकम दुहवी न.पा.,नगर कार्यपालिकाको कार्यालयको एन.आई.सि.एसिया दुहवी शाखामा रहेको धरौटी खाता नं A8CA499378524003 मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२ शिलबन्दी बोलपत्र साथ बोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३ शिलबन्दी बोलपत्र फारम दस्तुर रु. १००० फिर्ता नहुने गरी बुझाई बोलपत्र फाराम दुहवी न.पा.नगर कार्यपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४ शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति चौथो पटक सुचना जारी भएको ७ दिन सम्म (२०७५/०५/१७), शिलबन्दी बोलपत्र मिति २०७५/०५/१८ गते १२:०० बजे सम्म दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७५/०५/१८ गते दिनको ०२:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट हुनेछ ।

५ म्याद नाघी आएको वा रित नपुगेको टेण्डर फारम उपर कुनै कारबाहि हुने छैन ।

६ शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७ दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी बोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाउनु पर्ने छ र सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा १०% प्रतिशत छुट दिइनेछ ।

८ दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधि को रोहबरमा दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

९ नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

१० अन्य जानकारीको लागि दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

११ यो सुचनामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नोट : बोलपत्र खरिद, दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता हुने तथा खोलिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

खेमराज आनन्द

प्रमुख प्रशासकीय अधिकृत